लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

वडाचौर, रोल्पा

आ.व. २०८०/०८१

## दोस्रो चौमासिक प्रगति प्रतिवेदन

## १. आर्थिक प्रशासन शाखा (हालसम्मको प्रगति प्रतिवेदन)

**१. संशोधित वार्षिक बजेटः-** आ.ब. २०८०/०८१ को लागि मिति २०८०/०३/१० मा गाउँसभाबाट पारित भएको कुल बजेट रु ४१,१६,०६,५९९/- लाई मिति २०८०/०९/२४ को गाउपालिकाको हिउँदे अधिवेशनबाट संशोधन गरी कुल बजेट रु ४२,८९,०६,५९९/- कार्यान्वनमा रहेको छ।

**२. हालसम्म प्राप्त राजश्व तथा अनुदानः-** चालु आ.ब.को फागुन मसान्तसम्म प्राप्त भएको राजश्व तथा अनुदान तपसिल बमोजिम रहेको छ।

**तपसिलः**

| क्र.सं. | स्रोत | वार्षिक अनुमान | कुल आम्दानी | आम्दानी प्रतिशत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार-समानिकरण अनुदान | ८,६६,००,०००/- | ४,३३,००,०००/- | ५० |
| २. | नेपाल सरकार शसर्त अनुदान चालु | १६,५६,००,०००/- | १२,४०,४१,०००/- | ७५ |
| ३. | नेपाल सरकार शसर्त अनुदान पुँजीगत | ६०,००,०००/- | ३५,९६,५००/- | ६० |
| ४. | नेपाल सरकार विशेष अनुदान | १,५०,००,०००/- | ७५,००,०००/- | ५० |
| ५. | नेपाल सरकार समपुरक अनुदान | ५०,००,०००/- | २५,००,०००/- | ५० |
| ६. | लुम्बिनी प्रदेश समानिकरण अनुदान | ५९,२९,०००/- | २९,६४,५००/- | ५० |
| ७. | लुम्बिनी प्रदेश सशर्त अनुदान चालु | ६,५०,०००/- | १,६२,५००/- | २५ |
| ८. | लुम्बिनी प्रदेश सशर्त अनुदान पुजीगत | ६०,००,०००/- | १५,००,०००/- | २५ |
| ९. | लुम्बिनी प्रदेश समपुरक अनुदान | १,००,००,०००/- | २५,००,०००/- | २५ |
| १०. | संघीय राजश्व बाँडफाँड | ९,४१,७०,०००/- | ४,८५,१७,९६९/- | ५१.५ |
| ११. | राजश्व बाँडफाँड प्रदेश सरकार | ३६,५७,५९९/- | २४,६६,८३१ | ६७.४ |
| १२. | आन्तरिक स्रोत जि.स.स. | २३,००,०००/- | ० | ० |
| १३. | आन्तरिक स्रोत | ५०,००,०००/- | ३५,४०,३१५/- | ७०.८ |

**३. वडागत रुपमा आन्तरिक राजश्व प्राप्तिः-** चालु आ.ब.को फागुन १५ गतेसम्म प्राप्त वडागत आन्तरिक राजश्वको विवरण तपसिल बमोजिम रहेको छ।

**तपसिलः**

| क्र.सं. | राजश्व जम्मा गर्ने कार्यालयको नाम | राजश्व रकम | कै |
|---|---|---|---|
| १ | लुङ्ग्री गाउँपालिका | १३,०८,५९९/- | |
| २ | १ नं. वडा कार्यालय | १,६७,६४०/- | |
| ३ | २ नं. वडा कार्यालय | ४,०१,७७३/- | |
| ४ | ३ नं. वडा कार्यालय | ३,७३,८००/- | |
| ५ | ४ नं. वडा कार्यालय | ६,०८,२७४/- | |
| ६ | ५ नं. वडा कार्यालय | २,८७,५४९/- | |
| ७ | ६ नं. वडा कार्यालय | २,४५,४७०/- | |
| ८ | ७ नं. वडा कार्यालय | १,४७,२१०/- | |

## ४. चालु तथा पुँजीगत खर्चको अवस्थाः-

| क्र.सं. | खर्चको प्रकार | जम्मा विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | चालु खर्च | २८,९६,८०,५९९/- | ११,२०,३३,७४७/- | ३८.६७ |
| २. | पुँजीगत खर्च | १३,९२,२६,०००/- | ४,३३,४२,०४०/- | ३१.१३ |
| जम्मा | | ४२,८९,०६,५९९/- | १५,५३,७५,७८७/- | ३६.२२ |

## ५. शाखा तथा वडागत रुपमा खर्चको विवरणः-

| क्र.सं. | शाखा/वडा कार्यालय | जम्मा विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | कृषि विकास शाखा | १५,००,०००/- | ७,३७,३२५/- | ४९.१५ |
| २. | पशु सेवा शाखा | १५,००,०००/- | ५,६७,९१५/- | ३७.८६ |
| ३. | स्वास्थ्य शाखा | ५,५७,३९,०००/- | १,४०,४३,४३६/- | २५.१९ |
| ४. | शिक्षा शाखा | १६,८८,५२,०००/- | ६,१४,४६,८५० | ३६.३९ |
| ५. | महिला बालवालिका शाखा | १०,००,०००/- | ९५,६६०/- | ९.५६ |
| ६. | रोजगार सेवा कन्द्र | ७८,००,०००/- | १०,२१,११२/- | १३.१ |
| ७. | सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा | ९,००,०००/- | ७,३७,८३८/- | ८२ |
| ८. | लघु उद्यम विकास कार्यक्रम | १३,००,०००/- | ४,७९,५६४/- | ३६.८८ |
| ९. | बहुक्षेत्रिय पोषण कार्यक्रम | १५,००,०००/- | १,८८,२५०/- | १२.५ |
| १०. | १ नं. वडा कार्यालय | ३९,००,०००/- | १०,४६,४३८/- | २६.८३ |
| ११. | २ नं. वडा कार्यालय | ४१,००,०००/- | १०,६७,७२६/- | २६.०४ |
| १२. | ३ नं.वडा कार्यालय | ४२,००,०००/- | २३,७६,७७३/- | ५६.५८ |
| १३. | ४ नं. वडा कार्यालय | ३९,००,०००/- | १२,९०,३८६/- | ३३.०८ |
| १४. | ५ नं. वडा कार्यालय | ३९,००,०००/- | ४,५४,७५५/- | ११.६६ |
| १५. | ६ नं.वडा कार्यालय | ४१,००,०००/- | ६,३१,७२६/- | १५.४ |
| १६. | ७ नं. वडा कार्यालय | ४१,००,०००/- | ४,७९,११५/- | ११.६८ |

## ६. क्षेत्रगत बजेट र खर्चको विवरणः-

| क्र.सं. | विषयगत क्षेत्र | जम्मा विनियोजन | जम्मा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | आर्थिक विकास | १,९५,०२,०००/- | ८०,९८,०५९ /- | ४१.५२ |
| २. | सामाजिक विकास | २६,०४,८६,५९९/- | ८,१२,५७,५२०/- | ३१.१९ |
| ३. | पूर्वाधार विकास | ६,४९,९०,०००/- | ३,०४,४६,१०४/- | ४७.५८ |
| ४. | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ११,१०,०००/- | ७,३७,८३८/ | ६६.४६ |
| ५. | कार्यालय संचालन तथा प्रशासन | ८,३८,१८,०००/- | ३,५१,२५,४३३/- | ४१.९१ |

## २. योजना शाखा तथा अनुगमन शाखा

- चालु आ.व.मा यस लुङ्ग्री गाउँपालिका अन्तर्गत साना/ठुलो गरी जम्मा १२२ वटा आयोजनाहरु रहेका छन् ।पालिकास्तरिय/वडा स्तरिय/संघीय सरकार समपुरक अनुदान/प्रदेश समपुरक अनुदान/प्रदेश शसर्त/संघीय विशेष अनुदान अन्तर्गत संचालन हुने आयोजनाको हालसम्मको प्रगति तपसिल बमोजिम रहेको छ।

**तपसिलः**

| क्र.सं. | विवरण | जम्मा संख्या | सम्झौता संख्या | भुक्तानी संख्या | सम्झौता गर्न बाँकी संख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरिय | ३२ | २३ | ३ | ९ |
| २ | वडा नं. १ | १० | ६ | १ | ५ |
| ३ | वडा नं. २ | ९ | ६ | २ | ३ |
| ४ | वडा नं. ३ | ९ | ८ | ५ | १ |
| ५ | वडा नं. ४ | ८ | ३ | ३ | ५ |
| ६ | वडा नं. ५ | ११ | ५ | ० | ६ |
| ७ | वडा नं. ६ | ७ | ३ | ० | ४ |
| ८ | वडा नं. ७ | १३ | ५ | १ | ८ |
| ९ | प्रदेश शसर्त तर्फ | ४ | ३ | ० | १ |
| १० | प्रदेश समपुरक | ४ | ४ | ० | ० |
| ११ | संघीय समपुरक | १ | १ | ० | ० |
| १२ | संघीय विशेष अनुदान | १४ | २ | ० | १२ |
| कुल जम्मा | | १२२ | ६८ | १५ | ५५ |
| प्रतिशतमा | | | ५५.७३ | १२.२२ | |

- हालसम्म ६८ वटा आयोजनाहरु सम्झौता भइसकेका छन् जसमा ५४ वटा उपभोक्ता समिति मार्फत, ४ वटा -e-bidding मार्फत, ७ वटा Quotation मार्फत र ३ वटा विद्यालय व्यवस्थापन समिति मार्फत कार्यान्वयन भई १५ वटा आयोजनाहरुको काम सम्पन्न भइसकेका छन् भने बाँकी रहेका आयोजनाहरुको निर्माण कार्य संचालन भइरहेको छ।
- जाजाखोला खानेपानी योजना हार्जङ र युवा वर्ष आ वि भवन निर्माण ऐपेको भौतिक प्रगतिको आधारमा प्राविधिकको मूल्याङ्कन बमोजिम पहिलो किस्ता वापतको रकम भुक्तानी दिइएको छ।
- चालु आ.व.मा पालिकास्तरिय योजना अनुगमन तथा सुपेरीवेक्षण समितिले गाउँपालिका अन्तर्गत निर्माण भइरहेको ५ लाख भन्दा माथिका ३ वटा आयोजनाहरुको निर्माणाधीन अवस्थामा र २ वटा आयोजनाहरुको निर्माण सम्पन्न पश्चात अनुगमन गरेर प्राविधिक मूल्याङ्कन बमोजिम गाउँपालिकालाई भुक्तानीको लागि सिफारिस गरेको।

## ३. शिक्षा ,युवा तथा खेलकुद शाखा

- शसर्त अनुदान तथा पालिकाको कार्यक्रम अन्तर्गत शिक्षकहरुको तलब भत्ता निकासा, प्र.अ.बैठक, राष्ट्रिय किताबखाना(शिक्षक) बाट स्थायी शिक्षकको तलबी प्रतिवेदन प्रमाणित, विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन, पालिकास्तरिय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन जस्ता कार्यक्रमहरु भएका।
- स्ट्रोम फाउन्डेसन हुरेक नेपाल सँगको साझेदारीमा स्थानीय पाठयक्रम (१-८) निर्माण कार्य अन्तिम चरण पुगेको अन्तिम मस्यौदा तयार गरी मूल समितिमा पेश गर्ने कार्य भएको,
- गैरसरकारी संस्था हुरेक नेपालसंगको साझेदारीमा आर्थिक ,सामाजिक र पारिवारिक रुपमा कमजोर र पछि परेका जेहेन्दार बिद्यार्थीहरुका लागि संवाद छात्रवृत्ति कार्यक्रम वितरण सम्बन्धि कार्य सम्पन भएको, जस अन्तर्गत प्राबिधिकधार तर्फ ३ जना र साधारण धार तर्फ ३५ जना गरी ३८ जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरिएको,
- लुङ्ग्री गाउँपालिका स्तरीय १९ सदस्यीय गाउँ युवा परिषद गठन गर्ने कार्य भएको,
- गाउँपालिका स्तरीय आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षा-२०८० संचालन व्यवस्थापन सम्बन्धी कार्य भईरहेको छ। (जम्मा सहभागी बिद्यालय १६ , बि.स. ६९१(छात्र ३१७ ,छात्रा ३७४) केन्द्र ५ वटा ।)
- समयाअवधि समाप्त भएको बि.व्य.स. र शि.अ.स.को गठन सम्बन्धी कार्यमा सहजीकरण गर्ने कार्य गरेको,
- ५ वटा आधारभूत बिद्यालय,२ वटा प्रा.बि. र ४ वटा बालबिकास केन्द्रहरुको बिद्यालय भौतिक सर्वेक्षण तथा नक्सांकन सम्बन्धित कार्य सम्पन भएको,

## ४. स्वास्थ्य शाखाः

- संघीय शसर्त र पालिका अन्तर्गत संचालन हुने नियमित कार्यक्रमहरु वार्षिक समिक्षा, पोषण सम्बन्धि कार्यक्रमको समिक्षा, सुरक्षित गर्भपतन सेवा, सत्केरी आमाहरुलाई न्यानो झोला वितरण, भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम, आइरन चक्की खुवाउने कार्यक्रमहरु सम्पन्न भएको।
- स्वास्थ्य संस्थाहरुमा गर्भजाँच गराइ सुत्केरी हुने महिलाहरुलाई यातायात र गर्भवती उत्प्रेरणा खर्च वितरण गरिएको,
- पालिका अन्तर्गत रहेका वर्थिङ सेन्टरहरुमा दक्ष प्रसुतीकर्मि (SBA)द्वारा सुत्केरी गराउनेको संख्यामा बृद्धि भएको,
- वडाचौर स्वास्थ्य चौकी, गुम्चाल स्वा.चौ, सिर्प स्वा.चौ. र पाङ स्वास्थ्य चौकीहरुबाट सुरक्षित गर्भपतन सेवा उपलब्ध गराइरहेको,
- पालिका भित्र रहेका विभिन्न स्वास्थ्य संस्थाहरुबाट २२६०० जनाले OPD सेवा लिएका,
- पालिका भित्र रहेका विभिन्न खोप किल्निकबाट २६५२ जना बालबालिकाहरुले खोप सेवा लिएका,
- पालिकाभित्र रहेका गाउघर किल्निकबाट २२३७ जनाले सेवा लिएका,
- महिला स्वास्थ्य स्वयम सेविकाबाट ६१६८ जनालाई सेवा दिइएको,
- शिघ्र कुपोषित बालबच्चाहरुको बडाचौर स्वास्थ्य चौकीमा रहेको OTC बाट सेवा प्रदान गरिएको,
- E-bidding द्वारा औषधी खरिद भई सम्बन्धित स्वास्थ्य संस्थाहरुमा वितरण गरिएको,
- विशेष अनुदान तर्फको बजेटबाट सामुदायिक स्वास्थ्य इकाइ भवन निर्माण तथा वर्थिङ सेन्टरहरुमा पलासेन्टा पिट निर्माण, स्वास्थ्य संस्थाहरुको मर्मत, घेराबारका लागि बजेट विनियोजन भई केही आयोजनाहरु सम्झौता भई कार्यान्वयनमा गएको,
- राष्ट्रिय दादुरा रुबेला खोप अभियान २०८०/०८१ मा नौ महिना देखि ५ वर्षसम्मका जम्मा २५२९ बालबालिकालाई खोप लगाइएको,

## ५. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

- लुङ्ग्री गाउँपालिकाको बहुवर्षिय प्रशासकीय भवन निर्माणको कार्य मिति २०७९/११/१३ गते सम्झौता भई स्मृति विशाल/नारायण जे.भी.द्वारा प्रशासकीय भवन संरचनाको हालसम्म ८५ प्रतिशत भौतिक प्रगति भइसकेको र हाल रङरोगन सम्बन्धि कार्य भइरहेको छ।
- सिर्प स्वाथ्य चौकी भवन निर्माणको लागि सुवर्णवति कन्स्ट्रक्सन, रोल्पा द्वारा निर्माण कार्य सूचारु भई Foundation को कार्य भइरहेको छ।
- चालु आ.ब.मा यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका प्रदेश समपुरक आयोजनाहरु संचालन भइरहेको र सो को भौतिक प्रगति देहाय बमोजिम रहेको छ।

**तपसिलः**

| क.सं. | आयोजनाको नाम | संचालित वडा | बजेट | भौतिक प्रगति | कै |
|---|---|---|---|---|---|
| १. | युवावर्ष आ वि भवन निर्माण लुङ्ग्री १ | १ | ५000000 | ५२ | उपभोक्ता समिति मार्फत कार्यान्वय भइरहेको |
| २. | बालविकास प्रा वि भवन निर्माण घोराढुङ्गा लुङ्ग्री २ | २ | ५000000 | ४६ | उपभोक्ता समिति मार्फत कार्यान्वय भइरहेको |
| ३. | बराहक्षेत्र मा वि भवन निर्माण लुङ्ग्री ५ | ५ | ५000000 | ३0 | उपभोक्ता समिति मार्फत कार्यान्वय भइरहेको |
| ४. | बोज्याङखोला नम्जा लिफ्ट खानेपानी योजना वडा नं.४ | ४ | ५000000 | १६ | उपभोक्ता समिति मार्फत कार्यान्वय भइरहेको |

- वर्षातको कारणले बिग्रिएका मोटरबाटो मर्मत तथा सुधार गर्ने कार्य Quotation मार्फत सम्पन्न भइसकेको र नयाँ ट्र्याक खोल्ने कार्य अन्तर्गत ऐपे मनेकोट मोटरबाटोको टेन्डर प्रक्रिया अन्तर्गत मूल्याङ्कन कार्य भइसकेको र सम्झौता गरी कार्यान्वयन गर्ने चरणमा रहेको।
- संघीय सरकारको विशेष अनुदान अन्तर्गत स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार र क्षमता विकासका लागि आधारभुत स्वास्थ्य प्रणाली सुदृढीकरण परियोजना अन्तर्गत संचालन हुने भौतिक निर्माणका कार्यका लागि ४ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र भवन निर्माण गर्ने कार्य अन्तर्गत वडा नं.३ स्थित सामुदायिक स्वास्थ्य इकाइ केन्द्र सिम्लेनीको भवन निर्माणको लागि उपभोक्ता समिति मार्फत कार्यान्वयन भइरहेको जसको भौतिक प्रगति हालसम्म १५ प्रतिशत रहेको छ भने बाँकी ३ वटा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र निर्माणको लागि लागत इस्टिमेट तयार भइसकेको छ।
- वडा नं. ७ स्थित जाजाखोला खानेपानी योजना हार्जङको निर्माण कार्यको भौतिक प्रगति ३५ प्रतिशत सम्पन्न भई पहिलो रनिङ बिल वापतको रकम समेत भुक्तानी भइसकेको छ।

## ६. कृषि विकास शाखा

- ७५% अनुदानमा गहुँको विउ वितरण गरिएको जसबाट ९६ जना कृषक लाभान्वित भएको,
- ७५% अनुदानमा पलाष्टिक टनेल विरतण जसमा ३० जना कृषक लाभान्वित भएको,
- रैथाने बाली संरक्षण सम्बन्धी १ दिने घुम्ती तालिम सम्पन्न भएको जसबाट ५ वटा कृषक समूहका ११५ जना कृषकहरु सहभागी भएका,
- जैविक विषादी निर्माण सम्बन्धी तालिम सम्पन्न भएको जसबाट ५ वटा कृषक समूहका १६० जना कृषक लाभान्वित भएका,
- अति आवश्यक अवस्थामा विषादी वितरण गरिएको जसबाट २५४ जना कृषकहरुले उक्त सेवा लिएका र बाँकी शाखाबाट आवश्यकता अनुसार वितरण भइरहेको,
- १९० जना कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराएको र ५ वटा कृषक समूह गठन भएको,
- आ.ब. २०७९/८० मा स्थापना भएका तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता कार्यक्रमको सम्झौता भई कार्यान्वयनमा रहेको र किसान सूचिकरण कार्यक्रम वडा नं.१,२ र ३ मा कार्य सम्पन्न भइसकेको र वडा नं.४ मा कार्यक्रम संचालन भइरहेको,

## ७. पशुपन्छी विकास शाखामा

- नियमित सेवा प्रवाहमा १५,०२८ कृषकहरुलाई सेवा प्रदान गरिएको,
- लुङ्ग्री गाउँपालिका वडा नं. २,४,५ र ६ मा निःशुल्क रेविज खोप शिविर संचालन गरिएको,
- बाखा पकेट विकास कार्यक्रमको निरन्तरता काम सुरु भएको,
- २८ वटा गाई भैसीमा कृत्रिम गर्भाधान गरिएको,
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाबाट खोरेत विरुद्ध ३००० डोज भ्याक्सिन ल्याएको र १८०० डोज लगाईसकेको र बाँकी लगाईदैछ,
- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाको आर्थिक सहयोगमा २०८० फाल्गुन १७ गते लुङ्ग्री गाउँपालिका वडा नं. १ ऐपेमा निःशुल्क १ दिने पशु स्वास्थ्य शिविर संचालन गरिएको,
- ५६ वटा पशु बन्ध्याकरण गरिएको,
- १७ वटा पशु चौपायको भकारोमै गई उपचार सेवा प्रदान गरेको।

## ८. प्रशासन शाखा

- गाउँपकालिका मातहतका सम्पुर्ण शाखा र वडा कार्यालय संग समन्वयको भूमिका निर्वाह गरेको,
- गाउँपालिकामा सोधपुछ कक्ष, लै.स.सा कक्षको स्थापना गरीएको,
- गाउँपालिकाको मूल गेटमा उजुरी/गुनासो पेटिकाको व्यबस्था गरीएको छ। लुङग्री गाउँपालिका भित्रका जनसमुदाय एवम् सेवाग्राहिले सम्बन्धित केही विषयमा सुझाव, सल्लाह, प्रतिक्रिया, जिज्ञासा, गुनासाहरु भए सो पेटिकामा राख्न सक्नुहुन्छ।
- कार्यालय सुचारु हुने समय ठिक १०:०० बजे राष्ट्रिय गान बजाएर मात्र कार्यालय प्रारम्भ गर्ने गरेका छौं।
- विपद् व्यावस्थापन प्रयोजनको लागी खरिद भएका १२४ थान ग्याविन जाली मध्ये ९३ थान वितरण गरेकोमा ३१ थान बाँकी छ।

- गाउँपालिकाका सम्पुर्ण खर्च भएर जाने र खर्च भएर नजाने सम्पत्ति/मालसमान खरिद गर्दा सार्वजनिक खरिद व्यवस्थापन प्रणाली (PAMS) बाट गर्ने गरेको,
- संघिय मामिला मन्त्रालायको कूल स्वीकृत दरबन्दी = ६९ जना स्थायी (कार्यालय सहयोगी बाहेक)

  लुङग्री गाउँपालिकाको संगठन तथा व्यावस्थापन सर्वेक्षण प्रतिवेदन,२०८० वमोजिम

  स्थायी कर्मचारीको कूल दरवन्दी = १०५

  करार कर्मचारीको कूल दरवन्दी = २३ जना ( कार्यालय सहयोगी सहित)

  स्थायी र करार गरी कूल कर्मचारी =१२८ जना (कार्यालय सहयोगी सहित)

  गाउँपालिकामा हाल कार्यरत स्थायी कर्मचारीहरुको कूल संख्या = ३० जना

  करारमा कार्यरत कूल कर्मचारी = ८७ (कार्यालय सहयोगी समेत )

  हाल लुङग्री गाउँपालिकामा कार्यरत स्थायी र करार गरी जम्मा = ११७ जना

## ९. न्यायिक समिति

- उजुरी दर्ता संख्या- ११
- उजुरी फछ्र्यौट संख्या-९
- बाँकी उजुरी संख्या -२
- २ दिने न्यायिक समिति तथा मेलमिलापकर्ताको पूर्नताजगी तालिम सम्पन्न भएको,

## १०. रोजगार सेवा केन्द्र,

- रोजगार सेवा केन्द्रमा रोजगार संयोजक(छैटौं तह) - १, सहायक पाचौं -१, प्राविधिक पाचौं -१ गरी ३ जना जनशक्ती कार्यरत रहेको,
- चालु आ.व.को लागि पुरुष २८३ जना र महिला ९७३ जना गरी जम्मा १२५६ जना बेरोजगार व्यक्ति सूचिकरण भएको,
- चालु आ.व.को लागि नेपाल सरकारद्वारा सँचालित आयोजनाको लागि ३९ जना र विश्व बैंकद्वारा सँचालित आयोजनाको लागि ४० जना गरी जम्मा ७९ जना बेरोजगार व्यक्ति छनौट भएको,
- चालु आ.व.को मा रोजगारी प्रदान गरीने जम्मा ७९०० दिन मध्य हालसम्म ४००० दिन रोजगारी प्रदान गरिएको,
- चालु आ.व.मा ७ वटै वडामा गरी जम्मा १२ वटा रोजगार योजना मार्फत ७९ जना श्रमिकलाइ रोजगारी प्रदान गरिएको,
- ५० भन्दा बढी पुनः श्रम स्वीकृतीमा सहजीकरण गरिएको,
- बिदेशमा मृत्यु भएका २ जनाको शब झिकाउन सहजिकरण गरिएको,
- वैदेशिक छात्रवृति कार्यक्रम अन्तर्गत ११ जनाको प्रविष्ट गरिएको,
- लुङ्ग्री गाउँपालिकाको यूवा उद्यमशिलता विकास अनुदान कार्यक्रम सञ्चालन तथा कार्यक्रम कार्यविधि, २०८० कार्यपालिकाबाट पारित भएको,
- आगमी आ.ब. को लागि वेरोजगार सूचिकरण फारम संकलन वडाबाट संकलन गरिएको,

## ११. सूचना प्रविधि शाखा

- चालु आ.व.मा सबै वडाबाट अनलाई प्रणाली SUTRA बाट रसिद काट्ने व्यवस्था गरिएको छ जसले सेवा प्रवाहमा छिटोछरितो, प्रविधि मैत्री र पारदर्शी भई राजस्व संकलनमा वृद्धि भएको,
- सुशासन कायम गर्न तथा कर्मचारीलाई नियमित गर्न सूचना प्रविधि विभागको केन्द्रीकृत ई-हाजिरी गाउँपालिका र वडा कार्यालयमा लागु गरिएको र आगामी दिनमा पालिका भित्रका स्वास्थ्य संस्था र विद्यालयहरुमा जडान गर्ने कार्यलाई निरन्तरता दिने,
- सूचनाको हकलाई मध्यनजर गर्दै गाँपालिकाको Website Page कार्यपालिकाको निर्णय, आयव्यका विवरण, ऐन कानुन कार्यविधि निति रणनिति योजना आयोजना, सूचना र समाचार, गाउँपालिकाभित्र भएका कामका प्रतिवेदन नियमिति रुपमा समयमै अद्यावधिक गर्ने गरिएको,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादनमा आधारित अनुदान प्रदान गर्न १७ वटा सूचकको आधारमा गरेको कार्य सम्पादन मुल्याङ्कनमा ६६.८५ अङ्क प्राप्त गरी रोल्पा जिल्लाका स्थानीय तहहरुमध्ये नै प्रथम स्थानमा आउन सफल भएको,
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन(LISA)मा गत आ.व.मा ६४.२५ अङ्क रहेकोमा सुधार गर्दै यस आ.व.मा ७४.२५ अङ्क ल्याउन सफल भएका छौ जसले गर्दा आगामी वर्षमा अझ उचाइमा पुर्याउने लक्ष्य राखिएको,
- सेवा प्रवाहलाई पारदर्शी र जनमुखि बनाउन मुस्कान सहितको सेवा, सूचनाको सहज उपलब्धता, सूचनाको खुल्ला प्रकाशन जस्ता काम गर्दै आएको,

## १२. सामजिक सुरक्षा तथा पञ्जिकरण शाखा

### सामाजिक सुरक्षा तर्फ

- सामजिक सुरक्षा भत्ता समयमै निकासा हुने गरेको,
- समयमै दर्ता, लगतकट्टा र लगत हस्तान्तरण हुने गरेको,
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण शुद्धिकरण गरेको,
- ०८०/८१ को पहिलो र दोस्रो त्रैमासिक भत्ता EFT मार्फत भुक्तानि गर्न सफल भएको,
- गाउँपालिका र नेपाल बैंकको सहकार्यमा बालपोषण भत्ता बिरण भइरहेको हाल वडा नं.७ बाट शुरु भइ ३ नम्बर वडा सम्म सकिएको,
- तेस्रो त्रैमासिकको लागि नयाँ दर्ता भएका २६६ जना लाभग्राहीरुको खाता खोल्नको लागि नेपाल बैंकमा पठाइएको,

यस आ.व. २०८०/८१मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या

| क्र.सं. | लक्षित समूह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | जेष्ट नागरिक अन्य (६८ वर्ष माथि) | ७८२ | ९४३ | १७२५ |
| २ | जेष्ट नागरिक दलित (६० वर्ष माथि) | १०५ | ८८ | १९३ |
| ३ | जेष्ट नागरिक एकल महिला (६० वर्ष माथि) | ० | १७६ | १७६ |
| ४ | विधवा | ० | ३५४ | ३५४ |
| ५ | पूर्ण अपांगता (क) | १५ | १२ | २७ |
| ६ | अति अशक्त अपांगता (ख) | ६८ | ४८ | ११६ |

| | | | | |
|---|---|---|---|---|
| ७ | क्षेत्र तोकिएका बालबालिका | १३८९ | १२२२ | २६१२ |
| ८ | दलित बालबालिका | २२९ | २५४ | ४८३ |
| जम्मा | | २५८८ | २०९७ | ५६८६ |

पञ्जिकरण (व्यक्तिगत घटना दर्ता) तर्फ

| क्र.सं. | व्यक्तिगत घटना | | जम्मा |
|---|---|---|---|
| १ | जन्म दर्ता (पुरुष- ५१२ र महिला-४८९) | | १००१ |
| २ | मृत्यु दर्ता (पुरुष-१०६ र महिला-६३) | | १६९ |
| ३ | विवाह दर्ता | | २४४ |
| ४ | सम्बन्ध विच्छेद दर्ता | | ११ |
| ५ | बसाईसराई दर्ता | आउने | ० |
| | | जाने दर्ता संख्या | ३२ |
| जम्मा | | | १४५६ |

## १३. महिला तथा बालवालिका शाखा

- क वर्गको २ जनालाई र ख वर्गको ८ जनालाई गरि जम्मा १० जनालाई अपाङ्गता परिचय पत्र वितरण गरि हाल सम्म जम्मा अपाङ्गता परिचय पत्र पाउनेको संख्या ३२० पुगेको,
- ९ जना जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरि जेष्ठ नागरिक परिचय पत्र पाउनेको संख्या १६५५ पुगेको,
- लैगिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण कार्य सम्पन्न भएको,
- अन्तराष्ट्रिय महिला दिवशको अवसरमा ७ वटै वडाहरुमा महिला बक्तृत्व कला प्रतियोगिता, हाजिरी जवाफ प्रतियोगिता, जनचेतनामुलक लोक गित प्रतियोगिता, अन्तरक्रिया, जनचेतनामुलक र्‍याली र विविध मनोरञ्जनात्म कार्यक्रम संचालन,
- लैंगिक हिंसा निवारण कोषको व्यवस्था,

## १४. लघु उद्यम विकास कार्यक्रम (मेडपा)

- वडा नं ७ छहरेखुडमा २९ जना उद्यमि सिर्जना गर्नका लागि सामाजिक परिचालन, २ वटा उद्यमि समूह गठन तथा तालिम र १९ जना महिलालाई हातेहोजियारी सिप विकास तालिम संचालनमा रहेको।
- आरान सम्बन्धी सिप विकास तालिम संचालन गर्ने प्रक्रीयामा रहेको,

## १५. बहुक्षेत्रीय पोषण कार्यक्रम

- कार्ययोजना बनाई वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समिति ६ नं. वडा मा गठन भई कार्यपालिकाबाट स्वीकृत अन्य कार्यक्रम संचालनमा रहेका।

## १६. १ नं. वडा कार्यालय

- जन्म दर्ता-१८६, मृत्यू दर्ता-४०, सम्बन्ध विच्छेद-२, विवाह-३९ वसाईसराई जाने-९ गरी जम्मा २७६ वटा व्यक्तिगत घटना दर्ता भएको,

- यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता पाउने ११५७ जना लाभग्राहिको नविकरण गरिएको र ५९ जना नयाँ लाभग्राही दर्ता गरिएको
- ६ वटा टोल विकास संस्था गठन गरि दर्ता गर्ने काम सम्पन्न गरिएको ।
- युवा परिषद गठन गर्ने काम सम्पन्न भएको ।

## १७. २ नं. वडा कार्यालय

- यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता पाउने ८१३ जना लाभग्राहिको नविकरण गरिएको र १४६ जना नयाँ लाभग्राही दर्ता गरिएको
- व्यक्तिगत घटना दर्ता तर्फ जन्म दर्ता-१२९, मृत्यू दर्ता-३५, बसाईसराई -४, विवाह दर्ता-४६, सम्वन्ध विच्छेद-१ गरी जम्मा २१५ घटना दर्ता गरिएको,
- विभिन्न प्रकृतिका ५५५ वटा सिफारिस गरिएको,

## १८. ३ नं. वडा कार्यालय

- १९४ वटा घटना दर्ता गरिएको,
- सबैखालको ३५० वटा सिफारीस गरिएको,
- कक्षा ५ को वडा स्तरिय परिक्षा संचालन तथा उत्कृष्ट बिद्यार्थी प्रोत्साहन कार्यक्रम संचालनमा रहेको
- रुडास नेपाल द्वारा सुरक्षित मातृत्व सम्वन्धि स्वास्थ्य कार्यक्रम संचालन भइरहेको

## १९. ४ नं. वडा कार्यालय

जन्म दर्ता -२३२, मृत्यु दर्ता — ७७, वटा , बिबाह दर्ता - २८ बसाइसराई दर्ता - १ वटा , सम्बन्ध विच्छेद दर्ता - १ गरि जम्मा ३३९ वटा व्यक्तिगत घटना दर्ता भएको र सबै प्रकृतिका गरि ७३४ वटा सिफारीस भएको

## २०. ५ नं. वडा कार्यालय

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ६९० जना लाभग्राहीहरुको नविकरण गरिएको,
- २,१०० जना सामाजिक सुरक्षा भत्ता गर्ने नयाँ लाभग्राहीहरु दर्ता गरिएको,
- ७६ जन्मदर्ता, ४ जना परिवार बसाइसराई दर्ता, २ सम्बन्ध विच्छेद दर्ता, १८ मृत्यु दर्ता २३ जोडीको विवाह दर्ता गरी जम्मा १२३ व्यक्तिगत घटना दर्ता गरिएको,
- सहिद, घाइते अपाङ्ग व्यक्तिहरुलाई सम्मान कार्यक्रम सम्पन्न भएको,

## २१. ६ नं. वडा कार्यालय

- जन्म दर्ता -१८९, मृत्यु दर्ता -२१, बिबाह दर्ता -५९, सम्बन्ध विच्छेद दर्ता -३, बसाइ सराइ दर्ता -४ गरि जम्मा २७६ घटना दर्ता गरिएको,
- यस आर्थिक वर्षमा नविकरण गरिएका र नयाँ दर्ता गरी जम्मा ९५९ लाभग्राहीले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको,
- हालसम्म विभिन्न प्रकृतिका ४६३ वटा सिफारिस गरिएको,

## २२. ७ नं. वडा कार्यालय

- १६२ वटा घटना दर्ता गरिएको,
- हालसम्म विभिन्न प्रकृतिका २०० वटा सिफारिस भएको,